मानेभन्ज्याङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ, ओखलढुङ्गा

प.सं. : २०७९/०८०
च. नं. : ८४६

१ नं. प्रदेश, नेपाल
मितिः२०७९/०९/१९

श्री मानेभञ्ज्याङ गा.पा भित्रका सम्पूर्ण बिधालयहरु तथा सरोकारवालाहरु

विषयः-सुचना सम्प्रेषण सम्बन्धमा ।

प्रस्तुत बिषयमा मिति २०७९/०९/१४ गतेको राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय,प्रदेश न.१ शाखा कार्यालय खोटाङ्गको पत्रानुसार मिति २०७९/९/२१ गते शिक्षा संग सम्बन्धित सरोकारवालाहरुलाई मानव अधिकार अभिमुखीकरण कार्यक्रम मानेभञ्ज्याङ स्थित भगवती मा.बि. मा हुने भएकाले सोहि पत्रको सुचना अनुसार तयारि गर्नुहुनका लागि यो सुचना सम्प्रेषण गरिएको छ ।आयोजकको सो सुचना यसै सुचना संग संलग्न गरि अपलोड गरिएको व्यहोरा अनुरोध छ ।

७९।०९।१९

.......................................
दिलिप कुमार मगर
अधिकृतस्तर छैटौं

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

प्रदेश नं. १ शाखा कार्यालय खोटाङ Province no. 1 Branch Office Khotang

प.सं. ०७९/८०
च.नं. : ६९

मितिः २०७९/०९/१४

श्री शिक्षा शाखा
मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा ।

**विषय : आवश्यक समन्वय गरिदिने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा मानव अधिकारको संरक्षण र संवर्द्धनको सूनिश्चित गर्ने संवैधानिक दायित्व राष्ट्रिय मानव अधिकार आयोगलाई रहेको सन्दर्भमा सवैधानिक तथा कानूनी जिम्मेवारी र दायित्व वमोजिम आयोगले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनसम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको व्यहोरा जानकारीको लागि अनुरोध छ । आयोगको यस कार्यालयको नियमित बार्षिक कार्यक्रमअनुसार **शिक्षासँग सम्बन्धित सरोकारवालाहरुलाई मानव अधिकार अभिमुखीकरण कार्यक्रम** तहाँ पालिकाका बिभिन्न विद्यालयका शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरुसँग निम्न मिति, समय र स्थानमा सम्पन्न गर्न लागिएको हुँदा उक्त कार्यक्रमको लागि आवश्यक समन्वय गरी मानव अधिकार प्रवर्द्धन कार्यमा सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल :**

**कार्यक्रम :** शिक्षासँग सम्बन्धित सरोकारवालाहरुलाई मानव अधिकार अभिमुखीकरण

**कार्यक्रम हुने मिति र समय :** २०७९ पौष २१ गते विहिवार दिउँसो १२ बजे ।

**कार्यक्रम हुने स्थान** : तहाँ पालिकाको सभाहल वा मा.वि. विद्यालय (तहाँ शाखा कार्यालयको परामर्शअनुसार)

**कार्यक्रमको मोडालिटी :** दिउँसो १२ बजेदेखी ४ बजेसम्म हुने, कार्यक्रममा ३ वटा प्रस्तुतीकरण रहने ( आयोगको तर्फबाट मानव अधिकार सम्बन्धी, शिक्षा शाखाको तर्फबाट शिक्षासम्बन्धी, नेपाल प्रहरीको तर्फबाट साईबर क्राईम न्यूनीकरण सम्बन्धी)

**कार्यक्रममा उपस्थितिहरु:** शिक्षा शाखाका कर्मचारीहरु
विद्यालयका प्र.अ./स.प्रअ./शिक्षक प्रतिनिधिहरु,
वाल क्लव गठन भएका बिद्यालयका संरक्षक शिक्षकहरु
बाल क्लबका पदाधिकारीहरु
कक्षा ८ देखी १२ सम्मका विद्यार्थीहरु
अन्य ईच्छुक विद्यार्थी तथा शिक्षकहरु, शिक्षासँग सरोकार राख्ने संघ संस्थाका प्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरु

*(नोटः* १ घण्टा पैदल दुरीमा रहेका विद्यालयहरुबाट एक विद्यालयबाट १०-१५ जनाको प्रतिनिधित्व हुनेगरी जम्मा उपस्थितिमा ६०-८० जना (हलको क्षमताअनुसार) सहभागिता गराईदिनको लागि आवश्यक समन्वय गरिदिनुहुन अनरोध छ । साथै सहभागिहरुलाई खाजा बाहेक अन्य व्यवस्था नहुने जानकारी गराइन्छ ।)

नेत्रबहादुर गौतम
(मानव अधिकार अधिकृत)

**बोधार्थ,**
श्री मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा ।
श्री राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक ललितपुर ।

फोन नं. ००९७७-३६-४२०२८४, फ्याक्स नं. ००९७७- ३६-४२०२८४, दिक्तेल, खोटाङ
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ Audio Notice Board Service Number 1618 01 5010015
मेल nhrckht@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org